**नेपाल सरकार**

**शिक्षा मन्त्रालय**

# शिक्षण संस्था समन्वय शाखा

**सिंहदरबार**

## विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०59 सम्बन्धी सूचना

विदेशी विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धन लिएर नेपालमा स्नातक तह वा सो भन्दा माथिल्लो तहको शिक्षण संस्था सञ्चालन गर्ने कार्यलाई व्यवस्थित र नियन्त्रित गराउन "विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०59" नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७२।०४।३२ मा स्वीकृत भई लागु भइसकेको छ। उल्लिखित निर्देशिकामा देहाय बमोजिम गर्नुपर्ने गरी शिक्षण संस्थाले वहन गर्नुपर्ने दायित्व तोकिएको हुँदा सोही बमोजिम अनिवार्य रुपमा कार्यान्वयन गर्नु गराउनु हुन सम्बन्धित सबै शिक्षण संस्थाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१) नविकरण सम्बन्धी व्यवस्था:**

अनुमति प्राप्त गरी सञ्चालनमा रहेको शिक्षण संस्थाले प्रत्येक वर्ष माघ मसान्तभित्र नविकरण प्रयोजनका लागि उल्लिखित निर्देशिकाको अनुसूची–६ बमोजिमको ढाँचामा देहाय बमोजिमका कागजातहरु सहित शिक्षा मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ ।

(क) नविकरणका लागि निवेदन दिंदाका बखतको विद्यार्थी संख्याका आधारमा प्रति विद्यार्थी रु. १५००।– का दरले राजश्व रकम दाखिला गरेको सक्कल भौचर,
(ख) गत आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि,
(ग) गत आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,
(घ) हाल अध्ययनरत विद्यार्थीहरूको कार्यक्रमगत विवरण,
(ङ) कार्यरत शिक्षकको योग्यता खुलेको विवरण,
(च) छात्रवृत्ति वितरणको अध्यावधिक विवरण ।

**२) विश्वविद्यालयको गुणस्तर सुनिश्चितता, विश्वविद्यालयको नाम, कार्यक्रमको नाम तथा कार्यक्रम सञ्चालन स्थान परिवर्तन सम्बन्धी व्यवस्थाः**

(क) अनुमति प्राप्त गरी सञ्चालनमा रहेको शिक्षण संस्थाको सम्बन्धन प्रदायक विश्वविद्यालयले गुणस्तर सुनिश्चितता QAA/Accreditation प्राप्त नगरेको भए निर्देशिकाको पहिलो संशोधन भएको मितिले पाँच वर्ष भित्र गुणस्तर सुनिश्चितता QAA/Accreditation लिएको लिखित प्रमाण संलग्न राखी मन्त्रालय समक्ष पेश गर्नुपर्ने छ ।

तर त्यस्तो सम्बन्धन प्रदायक विश्वविद्यालयले गुणस्तर सुनिश्चितता QAA/Accreditation प्राप्त नगरेको अवस्थामा सञ्चालनमा रहेको शिक्षण संस्थाले गुणस्तर सुनिश्चितता QAA/Accreditation प्राप्त गरेको अन्य विश्वविद्यालयसँग पाँच वर्ष भित्र सम्बन्धन लिइसक्नु पर्नेछ । यसरी सम्बन्धन नलिने शिक्षण संस्थाहरूको सञ्चालन अनुमति रद्द गरिनेछ ।

(ख) अनुमति प्राप्त गरी सञ्चालनमा रहेको शिक्षण संस्थाको नाम वा शैक्षिक कार्यक्रमको नाम वा कार्यक्रमको अवधि वा उपाधिको नाम वा सञ्चालन स्थान परिवर्तन गर्नु परेमा अनिवार्य रुपमा मन्त्रालयको पूर्व स्वीकृति लिनुपर्नेछ ।

**३) भौतिक पूर्वाधार सम्बन्धी व्यवस्थाः**

सञ्चालन अनुमति प्राप्त शिक्षण संस्थाहरूले संशोधित निर्देशिका लागू भएको मितिले १० वर्ष भित्र तोकिएको मापदण्ड बमोजिम काठमाडौं उपत्यकामा भए कम्तिमा ३ रोपनी, पहाडमा भए ६ रोपनी र तराईमा भए ५ कठ्ठा जमिन संस्थाकै नाममा प्राप्त गरेको हुन पर्नेछ । साथै त्यस्ता शिक्षण संस्थाले बढीमा १५ वर्ष भित्र आफ्नै स्वामित्वमा रहेको जमिनमा भवन निर्माण गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

**४) छात्रवृत्ति सम्बन्धी व्यवस्थाः** सञ्चालन अनुमति प्राप्त शिक्षण संस्थामा स्वदेशी लगानीकर्ता भए कूल क्षमताको कार्यक्रमगत आधारमा प्रत्येक कार्यक्रममा १० प्रतिशत र विदेशी लगानीकर्ता भए प्रत्येक कार्यक्रममा २० प्रतिशत सिट छात्रवृत्ति संस्थाले नेपाल सरकारलाई उपलब्ध गराउनु पर्नेछ ।

**५) धरौटी तथा दायित्व सम्बन्धी व्यवस्थाः**

कार्यक्रम सञ्चालन गर्न स्वीकृति पाइसकेका संस्थाले संशोधित निर्देशिका प्रारम्भ भएको मितिले एक वर्ष भित्र देहाय बमोजिम कायम भएको धरौटी रकममा नपुग हुने धरौटी रकम स्वीकृत प्राप्त “क” वर्गको वाणिज्य बैंकको मुद्धती खातामा संस्थाकै नाममा जम्मा गर्नु पर्नेछ र सोको लिखित जानकारी मन्त्रालयलाइ दिनुपर्नेछ । यसरी संस्था नाममा राखिएको धरौटी रकम मन्त्रालयको स्वीकृति विना झिक्न, ऋण लिन र अन्य कार्यमा धरौटी राख्न पाइने छैन ।यसरी धरौटी रकम जम्मा नगर्ने संस्थाको कार्यक्रम जुनसुकै बखत मन्त्रालयले बन्द गर्न सक्नेछ ।

**<u>अप्राविधिक विषयः</u>**

(१) छ महिनासम्मको व्यावसायिक विषयको लागि रु १,००,०००।– (एकलाख),
(२) एक वर्ष अवधिको व्यावसायिक विषयका लागि रु.२,००,०००।–(दुईलाख),
(३) एक वर्षसम्मको साधारण विषय (एकेडेमिक कोर्ष) को लागि रु.५,००,०००।–(पाँच लाख),

(४) दुई वर्षसम्मको साधारण विषय (एकेडेमिक कोर्ष) को लागि रु.१०,००,०००।–(दश लाख),
(५) तीन वर्षसम्मको साधारण विषय (एकेडेमिक कोर्ष) को लागि रु.१५,००,०००।–(पन्ध्र लाख)
(६) चार वर्षसम्मको साधारण विषय (एकेडेमिक कोर्ष) को लागि रु.२०,००,०००।–(बीस लाख)

**प्राविधिक विषय:**

(१) एक वर्ष अवधिको प्राविधिक विषयका लागि रु १०,००,०००।–(दश लाख),
(२) दुई वर्ष अवधिको प्राविधिक विषयका लागि रु १५,००,०००।–(पन्ध्र लाख),
(३) तीन वर्ष अवधिको प्राविधिक विषयका लागि रु २०,००,०००।–(बीस लाख),
(४) चार वर्ष अवधिको प्राविधिक विषयका लागि रु २५,००,०००।–(पच्चिस लाख),

**६) विविधः**

(१) सम्बन्धन प्रदान गर्ने निकायले सञ्चालन अनुमति प्राप्त गरेका शिक्षण संस्थामा भए गरेको अनुगमनको प्रतिवेदन शिक्षण संस्थाले अनिवार्य रुपमा मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) सञ्चालन अनुमति प्राप्त शिक्षण संस्थामा अध्ययनरत विद्यार्थीहरूको वाह्य परीक्षा सम्बन्धी जानकारी मन्त्रालयलाई गराउनु पर्नेछ । मन्त्रालयले त्यस्तो परीक्षाको अनुगमनका लागि विषय विज्ञ तथा कर्मचारी खटाउन सक्नेछ ।

(३) अनुमति प्राप्त शिक्षण संस्थाको विधान, प्रबन्धपत्र, नियमावली संशोधन भए सो को जानकारी यथाशीघ्र लिखित रुपमा मन्त्रालयलाई दिनु पर्ने छ ।